नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

**विज्ञप्ति**

विद्यालय कर्मचारी युनियन, नेपाल र विद्यालय कर्मचारी सङ्गठन, नेपालले पेसागत माग राखी आमरण अनशन सुरु गरेकामा यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। शिक्षा ऐन, २०२८ को आठौं संसोधनले विद्यालय कर्मचारीका समस्या समाधान गर्ने प्रयत्न गरेको थियो। सम्मानीत सर्वोच्च अदालतको फैसला र शिक्षा ऐनका प्रावधानअनुसार शिक्षा नियमावली संशोधनका लागि प्रयास पनि भएको थियो। विद्यालय कर्मचारीका सम्बन्धमा रहेका विविध समस्या समाधान गर्नका लागि यस मन्त्रालयले लामो समयदेखि प्रयत्न गर्दै आएको पनि सर्वविदितै छ। विद्यालय कर्मचारीहरूका लागि कानुनबमोजिम व्यवस्थापन गर्न मन्त्रालय प्रयत्नशील छ। संघीय शिक्षा नीति र उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदनमा पनि विद्यालय कर्मचारीका सम्बन्धमा आवश्यक व्यवस्थापन हुने व्यहोरा समेत जानकारी गराउदै संघीय शिक्षा ऐनमा पनि विद्यालय कर्मचारीका विद्यमान समस्या समाधान गर्ने गरी विविध प्रावधानहरूको व्यवस्था गरिने कुरामा मन्त्रालय प्रतिबद्ध छ। साथै, मन्त्रालयबाट गठित संवाद समितिमार्फत वार्ताको पहल हुने विषयमा ध्यानाकर्षण गर्दै वार्ताकै माध्यमबाट समस्या समाधान गर्न सकिने कुरामा मन्त्रालय विश्वस्त छ। विद्यालय कर्मचारी युनियन, नेपाल र विद्यालय कर्मचारी सङ्गठन, नेपाललाई मन्त्रालयबाट गठित संवाद समितिसँग वार्ताका लागि आउन आह्वान गर्दै अनशनरत कर्मचारीहरूलाई अनशन स्थगित गर्न यस मन्त्रालय अनुरोध गर्दछ।

मिति : २०७५ असोज ९

बैकुण्ठप्रसाद अर्याल

सहसचिव एवम् प्रवक्ता